

# सिमान्तकृत समुदायको सशक्तीकरणमा
# सामाजिक परिवार


| अंक - ६ | माघ २०६६ | पेज १ |
|---|---|---|


समग्र बुलेटिन

## जि.वि.स.का प्रतिनीधिद्वारा सामाजिक परिवारहरुको अवलोकन

जिल्ला विकास समितिद्वारा आफ्नो जिल्ला अन्तर्गत विभिन्न गैरसरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको स्थलगत भ्रमण गरी अनुगमन गर्ने गरिएको छ । यसै क्रममा धादिङ्ग जिल्ला विकास समितिका कार्यक्रम अधिकृत विनोद अर्याल सहितको प्रतिनिधि मण्डलले यही पौष २० र २१ गते धादिङ्गका विभिन्न सामाजिक परिवारहरुको अवलोकन तथा समग्रद्वारा जिल्लामा संचालन भएको कार्यक्रमको अनुगमन कार्य सम्पन्न गरेका छन् ।



उनीहरुले थाक्रे गा.वि.स. वडा नं. ७ रैराङ्गमा संचालन भएको जलदेवी सामाजिक परिवार र तसर्पु गा.वि.स. वडा नं ९ पोखरीचौरमा रहेको श्रमजीवी सामाजिक परिवारको अवलोकन गरे । छलफल तथा अन्तरकृयाको क्रममा सामाजिक परिवारका प्रतिनिधिहरुले आफ्नो गाउँमा सामाजिक परिवार स्थापना भएपछि आर्थिक, सामाजिक तथा राजनैतिक विकासमा ठूलो टेवा पुगेको कुरा बताए । सामाजिक परिवारको माध्यमबाट समाजमा थुप्रै परिवर्तन भएको देख्दा समग्रको सिमान्तकृत समुदाय सशक्तिकरण अभियान फलदायी रहेको कार्यक्रम अधिकृत अर्याल बताउनुभयो ।



## सामाजिक परिवारद्वारा सामुदायिक भवन निर्माण

गोरखा, फूजेलको भैरवी सामाजिक परिवारले गा.वि.स.को अनुदान सहयोग रु. १०,०००, देउसी भैलो गरी संकलित रकम रु. २५,००० र २९ घरले १९ दिनका दरले जनश्रमदान गरी करीव रु. एक लाखको लागतमा कोटगाउँमा सामुहिक भवन निर्माण सम्पन्न गरेको छ । सो भवन निर्माणको लागि देउ बहादुर गुरुङले निशुल्क जग्गा उपलब्ध गराउनुभएको छ । नव निर्मित उक्त दुई कोठे भवनको एउटा कोठामा हाल प्रौढ कक्षा संचालन गरिएको र अर्कोमा सामुदायिक भाँडावर्तनहरु राखिएको सा.प. अध्यक्ष इन्द्र कुमारी गुरुङले जानकारी दिनुभयो ।

## सामाजिक परिवारहरुसँग अन्तरक्रिया सम्पन्न





समग्रको नियमित फिल्ड भ्रमण तथा अभियानको अनुगमनको सिलसिलामा पौष महिनामा गोरखा जिल्लाका विभिन्न सामाजिक परिवारहरुको गतिविधि अवलोकन तथा तिनीहरुसँग अन्तरकृया सम्पन्न भएका छन् । सो क्रममा पृथ्वीनारायण न.पा.को सल्लाघारी र जनजागरण सामाजिक परिवारहरु, फूजेलको जनचेतना, भैरवी, जनजागृति र चण्डी हटिया सामाजिक परिवारहरु, दर्बुङ्गको जनहित, मगर डी र महिला अभियान सामाजिक परिवारहरु, फेदीटार नामजुङ्गको देवीस्थान सामाजिक परिवार, वोर्लाङ्गको फूलवारी सामाजिक परिवार र धावाको जनजाती सामाजिक परिवारका सदस्यहरुसँग बैठक गरी ती सामाजिक परिवारहरुले संचालन गर्दै आईरहेका गतिविधि तथा उपलब्धिहरु, सकारात्मक / नकरात्मक पक्षहरु, चुनौति तथा अवसरहरु, स्थानीय अवस्थाको विश्लेषण आदि विषयमा अन्तरकृया भयो ।

भ्रमण दलमा केन्द्रीय कार्यालयका प्रतिनिधि, क्षेत्र, जिल्ला तथा फिल्डका कर्मचारीहरु संलग्न थिए । भ्रमणटोलीले स्थानीय शिक्षक, नागरिक समाजका अगुवाहरु, राजनैतिक दलका प्रतिनीधिहरु लगायत अन्य सरोकारवालाहरुसँग पनि भेटघाट तथा छलफल गरेका थिए ।

## पौष महिनाभरी सञ्चालित/सम्पन्न नियमित गतिविधिहरु

| कृयाकलाप | | कार्यक्रम स्थान | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानव अधिकार उल्लङ्घन विरुद्ध जनचेतना अभियान | फूजेल, गोरखा | ५९ | १६ | ७५ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानव अधिकार उल्लङ्घन विरुद्ध जनचेतना अभियान | गोइठी, सप्तरी | ४१ | ५५ | ९६ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानव अधिकार उल्लङ्घन विरुद्ध जनचेतना अभियान | वोर्लाङ्ग, गोरखा | ३८ | ७ | ४५ |
| ३.३ | मेलमिलाप कार्यक्रम | धावा, गोरखा | ४१ | १३ | ५४ |

## सामाजिक परिवार मार्फत दलित युवामा नेतृत्व विकास



आजभन्दा ३३ वर्ष अगाडि गोरखा जिल्लाको खोप्लाङ्ग गा.वि.स. वडा नं ४ खुर्पाजुङ्गमा जन्मिएका कृष्ण वहादुर परियारले सानैमा वावु गुमाउनु पर्‍यो । आमाको सहारामा अनेक दुःख सहेर उनी र भाई हुर्के । उनी १३-१४ वर्षदेखि आमाको सहारा बन्दै कहिले मेलापात, कहिले विवाह-बटुलमा बाजा बजाउने गरेर गाउँको अन्नपूर्ण मा.वि.बाट एस.एल.सी.उतीर्ण गरे । उनीमा अरु पढ्ने ठूलो धोको हुँदाहुँदै गरीवीको कारणबाट धोको पूरा गर्न सकेनन् । आर्थिक उपार्जनको लागि मलेशिया हानिए । क्वालालम्पुर शहरमा तीन वर्ष जति काम गरे । त्यहाँ उनी रमाउन सकेनन् । गाउँको यादले उनलाई सताउन छाडेन । उनले आफ्नो कर्तब्य महसुस गरे । पैसा कमाउने धुन छोडेर समाजमा केही परोपकार गर्ने उद्देश्यले आफनो गाउँ फर्किएर आए । त्यस समयमा समग्रद्वारा उनको गाउँमा सामाजिक परिवार सञ्चालन गर्ने कुरो चलेको रहेछ । उनले यसलाई राम्रो मौका ठाने । साथीसँगी बटुलेर मिर्मिरे युवा सामाजिक परिवारको गठन गरे । उनी सो सामाजिक परिवारको अध्यक्ष बने । समग्रबाट संचालित मानव अधिकार र सहकारी तालिममा भाग लिएर आफूलाई अझै अभियानकर्ताको रुपमा परिष्कृत गर्दै लगे । सामाजिक परिवारको माध्यमबाट गाउँमा रहेको छुवाछुत, सामाजिक विभेद, गरिवी आदि विरुद्ध संगठित भई लाग्दै गए । यस कार्यमा सबैको सहयोग पाए । उनकै पहलमा गाउँमा ३ करोड बराबरको लागतमा खानेपानी योजना संचालन भईरहेको छ भने मोटरवाटो र विजुली वत्ती गाउँमा पुगिसकेको छ । हाल उनी गाउँमा सञ्चालन भएको उच्च मा.वि.मा ११ कक्षामा भर्ना भई थप शिक्षा लिइरहेका छन् । गाउँको हर्ताकर्ता भएका कृष्ण सबैको प्यारो बन्दै गएका छन् । उनी गाउँका मात्र नभएर युवा पुस्ताका उदाहरण पनि हुन् । उनलाई समग्रको पनि शुभकामना ।

## सामाजिक परिवारले प्रयोग गरेका जनचेतना अभियानका विविध माध्यममध्ये एक - गीत

### धुम्रपान त्यागौं

मैले भने मान्दिनुस् कुरो त ,
खानु हुन्न हजुर खैनी र चुरोट ।
धुम्रपान सेवन नगरौं, जानी जानी हजुर कोही पनि नमरौं ॥
मैले भन्या कसले के सुन्छ र ?
लाग्छ रोग हजुर दम खोकी क्यान्सर । धुम्रपान सेवन नगरौं,.....................नमरौं ॥
खराब गर्छ चुरोट र खैनिले,
बानी सिक्छन् हजुर आफ्नै भाई बैनीले । धुम्रपान सेवन नगरौं,.....................नमरौं ॥
पछि रुनु पर्लानी चोटमा,
जान्छ ज्यान हजुर खैरी र चुरोटमा । धुमपान सेवन नगरौं,.....................नमरौं ॥
गाह्रो हुन्छ हजुर छुटाउन बानी,
हुन्छौ बुढो हजुर भर्खरको जवानी । धुम्रपान सेवन नगरौं,.....................नमरौं ॥
कस्तो रैछ चुरोटको अम्मल,
लाग्छ आगो हजुर ओढेको कम्मल । धुम्रपान सेवन नगरौं,.....................नमरौं ॥
कलेजो र फोक्सो खान्छ रे,
उस्तै परे हजुर ज्यान पनि जान्छ रे । धुम्रपान सेवन नगरौं,.....................नमरौं ॥
सकिन्छ नि गोजीको पैसा झन्,
आजैदेखि हजुर त्यागौं जानी है धुम्रपान ।
धुम्रपान सेवन नगरौं जानी जानी हजुर, कोही पनि नमरौं । हजुर कोही पनि नमरौं ॥

काजी बावु परियार, कृष्ण वहादुर परियार
मिर्मिरे युवा सामाजिक परिवार, खोप्लाङ्ग, ४, गोर्खा

सम्पर्कको लागि ठेगाना:
समग्र विकास सेवा केन्द्र, हस्पिटल मार्ग, चावहिल, पो.व. नं. - १३२७८, काठमाण्डौ,
फोन नं. ४४६९६४९, इमेल: samagra@mcmail.com.np, वेभसाइट: www.samagra-nepal.org